# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७७/०७८
च.न.: २१५

मिति : २०७८/०४/३२

**विषय : कोभिड महामारी नियन्त्रणमा सतर्कता अपनाउने सम्वन्धमा ।**

श्री अध्यक्ष ज्यू,
सवै वडा कार्यालयहरु, देवचुली नगरपालिका ।

हालको अवस्थामा कोभिड-१९ ले विभिन्न रुप परिवर्तन गरी प्रत्येक टोल बस्तीहरुमा यस रोगका बिरामीहरु बढदै गइरहेको, मूलत: दीर्घरोगी, पाको उमेरका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, बालवालिकाहरु समेत यसबाट बढी प्रभावित देखिएको हुँदा स्वास्थ्य संस्थाहरुमा चाप थेग्न मुस्कील परिरहेको यस सम्बन्धमा सचेत बन्नका लागि नगरपालिकाबाट पटक–पटक माइकिङ्ग गर्दै आइरहेको व्यहोरा अवगत नै छ। यस महामारीबाट बच्ने र बचाउने प्रमुख उपाय कोभिड बिरुद्धको भ्याक्सीन र समुदायमा स्वास्थ्य सुरक्षाको मापदण्डको अनिवार्य पालना नै देखिएको छ ।

यति हुँदा हुँदै पनि सामुहिक रुपमा जमघट हुने, साँझपख होटल रेष्टुराँहरुमा भिडभाड हुने, सामुहिक जमघट भइ विभिन्न खेल खेल्ने, अति जरुरी काम नपरी घर बाहिर बिना माक्स निस्कने, हाटबजार, सामान किनवेच गर्ने पसलमा व्यापारी र ग्राहकहरु समेतले सुरक्षा विधिको पालना नगरी कारोवार गर्ने गरिरहेको देखिएकोले यस रोगबाट समयमा नै सचेत हुन र स्थानीय स्तरमा जनचेतना फैलाउनका लागि नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०७८।४।२८ को बैठकबाट समेत प्रत्येक वडाका हरेक टोल सुधार समिति, सामुदायिक वन, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय युवा क्लव, स्वास्थ्य संस्थाका प्रमुख एवं प्रतिनिधि, बिभिन्न राजनीतिक दल तथा नागरिक समाजका प्रतिनिधिहरु, विद्यालयका शिक्षक शिक्षिकाहरु समेतको समन्वय तथा सहकार्यमा दैनिक जीवनयापनका बखत स्वास्थ्य सुरक्षाका विधिहरु अपनाइ रोगको महामारी नियन्त्रणका लागि सतर्कता अपनाउन आ-आफनो वडा, टोल, बस्तीहरुमा जनचेतना फैलाइ कोभिड महामारी नियन्त्रण कार्यमा सतर्कता अपनाउनका लागि व्यवस्था मिलाउने भन्ने निर्णय भए अनुसार सवै वडाहरुमा यस महामारीबाट जोगिन र जोगाउनका लागि समुदायस्तरमा सहयोग, समन्वय तथा सहकार्यका लागि पुन: अनुरोध छ ।

(गोविन्द सिग्देल)
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत